म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १३, अंक २४५ मंगलबार ४ बैशाख २०८१ ने. सं. ११४४ चौलाथ्व 16 April 2024 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

**काम गर्न विदेश जाने सोच बनाउँदै हुनुहुन्छ ?**

हुनुहुन्छ भने:

☞ श्रम तथा वैदेशिक रोजगारका विषयमा आवश्यक जानकारीका लागि स्थानीय तहमा क्रियाशील रोजगार सेवा केन्द्रमा सम्पर्क गर्नुहोस् ।

☞ राहदानी बनाउँदाका बखत नै सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा रहेको आप्रवासी स्रोत केन्द्रमा सम्पर्क राख्नुहोस् ।

☞ श्रम कल सेन्टरको नि:शुल्क नम्बर ११४१ मा फोन गर्नुहोस् ।

नेपाल सरकार

विज्ञापन बोर्ड

## चार वर्षदेखि अलपत्र मुख्यमन्त्री सभाहल ठेक्कामा म्याद थप्ने तयारी

साझाकुरा संवाददाता

हेटौंडा, ३ वैशाख/चार वर्षदेखि अलपत्र बागमती प्रदेशको मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको सभाहल निर्माणको ठेक्कामा म्याद थपको तयारी गरिएको छ ।

सार्वजनिक खरिद नियमावलीको १३ औं संशोधनलाई टेकेर म्याद थप गर्न लागिएको हो । गत फागुन ०८० नियमावली संशोधनपछि काम सम्पन्न नभएर अलपत्र रहेका योजनाको म्याद एकवर्ष थपगर्ने बाटो खुलेको थियो । हेटौंडा उपमहानगरपालिकाको प्रशासनिक भवनपछाडिको खाली जग्गामा जग हालिएको सभाहलका फलाम खिया लागेका अवस्थामा ठडिएका छन् ।



संरक्षण निर्माण सेवा/सेव इन्जिनियरिङ कन्स्ट्रक्सन जेभी भरतपुर-११, चितवनले मुख्यमन्त्री सभाहल निर्माणका लागि ५ करोड २६ लाख ८३ हजार रुपैयाँमा सहरी विकास तथा भवन कार्यालय मकवानपुरसँग १७ कार्तिक ०७७ मा सम्झौता गरेको थियो । सम्झौताअनुसार, १९ वैशाख २०७९ भित्र सभाहल स्याण्डविच इपीएस स्याण्डविच प्रविधिबाट प्यानल बोर्डको ट्रस्टबाट निर्माण गर्नुपर्ने थियो । तर, निर्माण कम्पनीले जगसम्मको मात्रै काम गरी ४७ लाख ५४ हजार ८४१ रुपैयाँ रकम भुक्तानी लिएर काममा फर्किएको छैन ।

सहरी विकास तथा भवन कार्यालय प्रमुख भूमिनन्द ढकालले सभाहलको निर्माण कम्पनीलाई म्याद थपको तयारी भइरहेको जानकारी दिए । 'मैले पनि केही दिनअघि उपमहानगरपालिकासँग कुरा गरेर आएको छु । अब म्याद थप गरेर काम अगाडि बढाउनुपर्छ भनेर उपमहानगरको मेयरज्यू, म र निर्माण व्यवसायीबीच सहमति भएको छ । काम समयमै सक्नु भनेको छ,' ढकालले भने ।

सभाहलको हालसम्म भौतिक प्रगति २५ प्रतिशत र वित्तीय प्रगति ९ प्रतिशत छ । निर्माण व्यवसायी चितवनका भीष्म अधिकारी वैशाख २०७९ मा सम्झौता सकिएपछि भवन कार्यालयमा म्याद थपका लागि आएका थिए । त्यतिबेला कार्यालयले म्याद थप नगरेको कार्यालयका सूचना अधिकारी टेकनाथ काफ्लेले बताए ।

हेटौंडा उपमहानगरको आइतबार बसेको कार्यपालिका बैठकले यो जग्गामा निर्माण हुने सभाहलको स्वामित्व र जग्गाको भोगाधिकार उपमहानगरकै हुने गरी निर्माण सम्पन्न गरी हस्तान्तरण गरीदिन बागमती प्रदेश सरकारसमक्ष पत्राचार गर्ने निर्णय गरेको छ । यद्यपि, मेयर मीनाकुमारी लामाले २६ चैत २०८० मा बागमती प्रदेशको भौतिक पूर्वाधार विकास मन्त्रालयलाई सभाहल उपमहानगरकै स्वामित्वमा रहने गरी निर्माण अगाडि बढाउन सहमतिसहितको पत्राचार गरेकी छन् ।

पत्रमा सभाहल निर्माण सम्पन्न भएपछि उपमहानगरकै स्वामित्वमा रहनुपर्ने उल्लेख छ । १४ वैशाख २०७७ मा निवर्तमान मेयर हरिबहादुर महतले प्रदेशको सभाहल उपमहानगरले पनि प्रयोग गर्न पाउने गरी सहमति दिएका थिए । निर्माण कम्पनी काम नगरी बेपत्ता भएपछि उपमहानगरलाई जग्गा पनि अभाव भएको अवस्थामा सभाहल निर्माण अगाडि बढाउन नदिएको प्रवक्ता सविन न्यौपानेले बताए ।

उपमहानगरले कार्यालय परिसरभित्रै पार्किङको समस्या रहेको र आवश्यक भौतिक संरचना निर्माण गर्नुपर्ने भन्दै सभाहल निर्माणका लागि जग्गा दिन नसकिने बताएको थियो । 'ठेकेदारले काम नगरेर तीनवर्ष बिताएपछि उपमहानगर पालिका आफूले गरेको निर्णय उल्ट्याउन बाध्य भएको थियो,' न्यौपानेले भने, 'अहिले उपमहानगरकै स्वामित्वमा हुनेगरी बनाउन दिने कार्यपालिकाबाट निर्णय गरेका छौं ।'

हेटौंडा-२ स्थित तत्कालीन जिल्ला विकास समिति मकवानपुरको पुरानो भवनबाट बागमती प्रदेशका मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सञ्चालन भइरहेको छ । मुख्यमन्त्री कार्यालयसँग एउटा गतिलो सभाहल छैन । प्रदेशस्तरीय भेला, बैठक र समारोहका लागि सभाहल नभएपछि मुख्यमन्त्री कार्यालयकै स्वामित्वमा रहने गरी १७ कात्तिक २०७७ मा पूर्वमुख्यमन्त्री डोरमणि पौडेलले शिलान्यास गरेका थिए ।

### पेश्की ७५ लाख तीनवर्ष चलाएर फिर्ता

निर्माण व्यवसायी अधिकारीले मोबिलाइजेशनवापतको पेश्की लगेकोमा महालेखा परीक्षकको कार्यालयले पत्रसमेत पठाएको थियो । यसअघि जग (डीपीसी) जगसम्मको मात्रै काम गर्दा मोबिलाइजेशनवापतको रकम १ करोड ४ लाखभन्दा बढी भुक्तानी दिइसकेको भन्दै महालेखा परीक्षक कार्यालयले कारबाही गर्नुपर्ने उल्लेख गरेको हो ।

२८ चैत ०७७ मा पेश्की लगेर पनि काम भने ४७ लाख ५४ हजार ८ सय ४१ रुपैयाँको मात्रै गरेको सूचना अधिकारी काफ्ले बताउँछन् । ठेकेदार अधिकारीले दुईपटकमा २९ र ४६ लाख गरेर लगेको पेश्की रकम ७५ लाख रुपैयाँ भने झण्डै तीनवर्ष चलाएर गतवर्ष ११ असारमा फिर्ता गरेका थिए ।

पेश्की रकम फिर्ता ल्याउन पनि भवन कार्यालयलाई सकस परेको थियो । बैंक ग्यारेन्टी रहेको कृषि विकास बैंकले समेत पेश्की रकम फिर्ता ल्याउन नसकेपछि कार्यालयले राष्ट्र बैंक गुहारेपछि निर्माण व्यवसायी अधिकारीले पेश्की रकम फिर्ता गरेको कार्यालयले जनाएको छ ।

## हेटौंडाको दुईवटा सडक 'नमूना मार्ग' बन्दै

साझाकुरा संवाददाता

हेटौंडा, ३ वैशाख/हेटौंडा उपमहानगर क्षेत्रभित्र नमूना सडक निर्माण प्रक्रिया अघि बढेको छ । सहरी विकास मन्त्रालय अन्तरगतको एकीकृत सहरी पूर्वाधार विकास कार्यक्रममार्फत नगरक्षेत्रमा रहेको दुईवटा नमूना सडक र एक वडा कार्यालय निर्माण हुन लागेको हो ।




मन्त्रालय मातहत रहेको संघन सहरी तथा भवन निर्माण आयोजना चितवनमार्फत् उपमहानगर पालिका क्षेत्रमा नमूना सडक सहित पूर्वाधार निर्माण हुन लागेको हो । संघीय सरकारको सहरी विकास मन्त्रालयमार्फत १६ करोड रुपैयाँको स्वीकृत बजेटमार्फत् हेटौंडा उपमहानगरपालिका-४ को रजतजयन्ती र हेटौंडा-७, ८ को सीमानाको सडकलाई नमूना बनाउने र हेटौंडा-६ नम्बर वडा कार्यालयको भवन निर्माण गर्न लागिएको नगर प्रमुख मीनाकुमारी लामाले बताइन् ।

हेटौंडा उपमहानगर पालिका-४ को रजतजयन्ती मार्गलाई ४ लेनको सडकको रुपमा विकास गर्दै दुबैतर्फ फुटपाथ बेरीयर, सडक बत्ती सहित अक्सफाल्ट कालोपत्रे गरी व्यवस्थित सडक निर्माण गरिने तयारी रहेको आयोजनाले जनाएको छ । सडक ९५० मिटर लम्बाईको हुने बताइएको छ ।

आयोजनामार्फत् हेटौंडा-७ र ८ को सीमाना क्याक्पाडाँडा पुलबाट हेटौंडा-१५ तीनकुने चोकसम्मको कर्णावती सडक २ लेनको निमार्ण हुनेछ । करिब ११ सय मिटर लम्बाईको सडकमा फुटपाथ, दुईतर्फ नाला, सडक बत्तीको व्यवस्था सहित निर्माण हुने बताइएको छ ।

स्वीकृत बजेटको सीमामा रहेर हेटौंडा-६ नम्बर वडाको एकतले भवन निर्माण गरिने आयोजनाले जनाएको छ । आयोजनाले भौगोलिक अध्ययनपश्चात नमूना सडक र वडा कार्यालय भवन निर्माणका लागि गत चैत २० गते बोलपत्र आह्वान गरेको जनाएको छ ।

संघमार्फत पहिला आउने भनेको २५ करोड रुपैयाँमध्ये केही रकम कटेर आएकाले अहिले प्राथमिताामा परेको हेटौंडा-१ को पिपलबोट, स्वगद्वारी मन्दिर हुँदै रक्तसञ्चार जाने सडकको काम नहुने संघन सहरी तथा भवन निर्माण आयोजना चितवनले जनाएको छ । सिलिङ बजेटमा कटौती हुँदा अहिले काम गर्न समस्या भएको हो । दोश्रो चरणमा सडकको कामलाई प्राथमितामा राखेर गरिने आयोजनाले जनाएको छ ।

## तीन जिल्लाका खानेपानी र सिचाई योजनाको अनुगमन

साझाकुरा संवाददाता

हेटौंडा, ३ वैशाख/बागमती प्रदेशका खानेपानी, उर्जा तथा सिंचाइ मन्त्री एकालाल श्रेष्ठले ३ वटा जिल्लाको योजनाको अनुगमन गरेका छन् ।

३ दिनको अवधिमा बागमती प्रदेशको काभ्रेपलान्चोक, भक्तपुर र सिन्धुलीका खानेपानी र सिंचाइका योजनाको अनुगमन गरेका हुन् । अनुगमनका क्रममा काभ्रेपलान्चोकमा सिंचाइका २ वटा र खानेपानी आयोजनाका ४ ओटा योजनाको अनुगमन गरे । त्यसै गरी सिंधुलीमा खानेपानीका २ ओटा र सिंचाइका एक योजनाको मन्त्री श्रेष्ठले अनुगमन गरेका हुन् ।

यसैगरी सिन्धुलीमा खानेपानीका २ ओटा र सिंचाइको एक योजानको अनुगमन गरे । अनुगमनका क्रममा मन्त्री श्रेष्ठले छिटो छरितो रुपमा काम गर्न र गुणस्तरीय काम गरेर देखाउनका लागि कर्मचारीलाई निर्देशन दिए । मन्त्रालय अन्तरगत कार्यालय र भए गरेका योजनाको अनुगमनको कामलाई तीब्रता दिने मन्त्री श्रेष्ठले बताए ।

## खेलाडीलाई वडा कार्यालयको सम्मान

साझाकुरा संवाददाता

हेटौंडा, ३ वैशाख/हेटौंडा उपमहानगरपालिका-१८ को वडा कार्यालयले खेलाडीलाई सम्मान गरेको छ । खेलाडी राज्यको सम्पत्ति भएको उल्लेख्य गर्दै उनीहरुको सफलतामा वडा कार्यालयले पनि सम्मान महसुश गरेको वडाअध्यक्ष अनिल बानियाँले बताए ।



खेलाडीलाई आवश्यक पूर्वाधारको तयारीमा सघाउनेदेखि उनीहरुलाई सफलताको लागि उत्प्रेरित गर्ने दायित्व स्थानीय सरकारको भएको अध्यक्ष बानियाँले बताए । हेटौंडा-१८ वडा घरभएका राष्ट्रिय टिमका फुटबल खेलाडीलाई सोमबार सम्मान गरिएको वडासदस्य योगराज खतिवडाले बताए । 'वडाबाट राष्ट्रिय टिममा पुग्नु वडाको नाम उच्च बनाउनु हो, उनीहरुको सफलता अझै उँचो रहोस् भनेर वडाले सम्मान गरेको हो', खतिवडाले भने ।

वडासदस्य खतिवडाका अनुसार हेटौंडा-१८ का स्थायीवासी राष्ट्रिय टीमका खेलाडी बिमल पाण्डे, आयुश घलान र सुनिल घलानलाई नगद र सम्मानपत्र प्रदान गरिएको हो । सम्मान कार्यक्रममा वडाका निर्वाचित जनप्रतिनिधि, कर्मचारीलगायतको उपस्थिति रहेको थियो ।

**सम्पूर्ण ब्राण्डका गाडी**

**एकै ठाउँमा सम्पूर्ण सेवासहित**

☞ कार वास भित्र/बाहिर

☞ वायरिङ मर्मत

☞ A/C मर्मत तथा ग्याँस रिफिलिङ

☞ सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने

☞ डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ

☞ टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट

☞ इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**

हेटौंडा, चौकीटोल,

सम्पर्क नं.: ०५७-५९०३३३

Education is the real treasure

**ADMISSIONS OPEN FOR 2081**

**From Nursery to Grade 9**



**Scholarships**

a feature of socially responsible institution ....

Madhav Raj Sumargi Memorial Scholarship based on Entrance Tests 189+Seats

Rup Chandra Bista "Thaha" Memorial Scholarship based on Students' Talent 108+Seats

Bishwakanti Kalawati Sumargi Scholarship based on Students' Rank 39+Seats

25 Years of Excellence in Education, Celebrating Silver Jubilee

**HETAUDA ACADEMY**

Residential Secondary School

Shahid Smarak, Nawalpur, Hetauda, Nepal

☎057-525548 ☎057-525547 ☎057-523547

www.hetaudaacademy.edu.np | info@hetaudaacademy.edu.np

**ENTRANCE**

4 Baisakh 2081

**ड्राइभिङ्ग सिक्ने तयारीमा हुनुहुन्छ ?**

**अब निराश नहुनुहोस्...**

हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ्ग प्रशिक्षण दिइन्छ ।

**हाम्रा विशेषताहरु:**



☞ अनलाइन फर्म भर्ने सुविधा ।

☞ रोड टेस्ट गराइन्छ ।

☞ दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।

☞ लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।

☞ गाडीको पार्टपूर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।

सम्पर्क कार्यालय: सितलमहल चोकबाट ॐ हल जाने बाटोमा

प्रबन्ध निर्देशक: टिका कुमारी दुलाल

**के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र**

हेटौंडा-५, पिप्ले, मकवानपुर

सम्पर्क: ९८४५१७९४१५, ९८१७२८४६१४, ९८४५९२७०५७

साझाकुरा

## हाम्रो कुरा

# हेटौंडा सिमेन्टको समस्या

हेटौंडा सिमेन्ट उद्योग लिमिटेड २०३३ असोज १३ मा स्थापना भएको सरकारी स्वामित्वको उद्योग हो । वार्षिक २ लाख साठी हजार मेट्रिकटन सिमेन्ट उत्पादन क्षमता छ । एशियाली विकास बैंकबाट ऋण सहयोगमा तत्कालीन सरकारले हेटौंडाको भैंसे र धादिङको जोगीमारामा रहेको खानीको उच्चगुणस्तरीय चुनढुँगाको प्रयोगले गुणस्तरीय सिमेन्ट उत्पादन गर्ने लक्ष सहित उद्योग स्थापना गरेको थियो । स्थापनाको करिव एक दसकपछि व्यावसायिक उत्पादन सुरु गरेको थियो । उद्योग स्थापनाकालमा नेपाल सरकारको जमानतमा एशियाली विकास बैंकबाट लिएको ऋण ७२ करोड रुपैयाँसहति नेपाल सरकारले एक अर्ब ३८ करोड ९० लाख रुपैयाँको लागतमा भएको थियो । लेखापरीक्षण प्रतिवेदन अनुसार स्थापनादेखि आ.व.०७८/७९ सम्ममा उद्योग करिव ९० करोड रुपैयाँ घाटामा गएको छ । उद्योगको वार्षिक ५२ लाख बोरा सिमेण्ट उत्पादन क्षमता रहेकोमा गतवर्षमा ९ लाख बोरा सिमेण्ट बिक्री भएको बताइएको छ । चालु आर्थिक वर्षको हालसम्म लगभग ४ लाख बोरा मात्रै सिमेण्ट बिक्री भएको उद्योगले जनाएको छ । मकवानपुरका जनप्रतिनिधिले हेटौंडा सिमेन्ट उद्योग सञ्चालनको पहल गरेका छन् ।

उद्योगको समस्या र सञ्चालनको वातावण बनाउन जनप्रतिनिधिले सघीय सरकारसमक्ष पहल गरेका हुन् । संघीय सरकारको स्वामित्वमा रहेको हेटौडा सिमेन्ट उद्योगलाई आवश्यक बजेट उपलब्ध नहुँदा उद्योग सञ्चालनमा समस्या भइरहेको अवस्थामा निर्वाचित जनप्रतिनिधिले संघीय सरकारका मन्त्रीसँग समस्या समाधानको पहल थालेका हुन् । बागमती प्रदेशका खानेपानी, उर्जा तथा सिंचाई मन्त्री एकालाल श्रेष्ठ र मकवानपुर २ का सांसद एवम् नेकपा एमाले संसदीय दलका प्रमुखसचेतक महेश बर्तोलाले उद्योग सञ्चालनका लागि सघीय सरकारका अर्थ मन्त्रीसमक्ष पहल गरेका हुन् । उद्योगको तर्फबाट समग्र ट्रेड युनियन नेपाल र नेपाल कारखाना श्रमिक संघका प्रतिनिधिसहित मन्त्री श्रेष्ठ र साँसद बर्तोलाले अर्थमन्त्री वर्षमान पुन र उद्योग मन्त्री दामोदर भण्डारीसमक्ष आवश्यक बजेट उपलब्ध गराईदिन आग्रह गरेका थिए । पछिल्लो केही वर्षयता उद्योग लगातार घाटामा सञ्चालन भइरहेकोले कर्मचारीको तलब दिन समेत समस्या भएको अवस्था रहेको छ । यही अवस्थाले उद्योग सञ्चालन हुन नसक्ने बताउँदै उद्योग सञ्चालनको मोडालिटी चेन्ज गर्नुपर्ने सुझाव उनीहरुले दिएका छन् । बजेट अभावकै कारण उद्योगका २८ जना अवकासप्राप्त कर्मचारीले विगत २ वर्षदेखि प्राप्त गर्नुपर्ने सेवासुविधा प्राप्त गर्न सकेका छैनन् । यो वर्षपनि केही कर्मचारी अवकाश पाउने क्रममा रहेकोले उद्योगले निकै समस्या झेलिरहेको छ ।

तत्काल उद्योग सञ्चालनको लागि ६० करोड रुपैयाँ आवश्यक रहेको भन्दै ऋण मार्फत् नै भएपनि रकम उपलब्ध गराइदिन माग गरिएको छ । उद्योगका कर्मचारी, जीर्ण उपकरण, पुरानो प्रविधि, बजारमाग सन्तुलनको अभाव, मूल्य समायोजन, प्रतिस्पर्धात्मक बजारमा जान नचाहने, उद्योगमा ब्याप्त भ्रष्ट्राचारलगायत धेरै समस्या उद्योगले झेल्नु परिरहेको छ । दैनिक सातसय ५० मेट्रिकटन र वार्षिक दुई लाख ६० हजार मेट्रिकटन सिमेन्ट उत्पादन गर्ने क्षमता उद्योगको भएपनि हाल उद्योग सञ्चालनको समयमा क्षमताभन्दा आधा अर्थात् करिब चारसय मेट्रिकटन सिमेन्ट उत्पादन हुने गरेको छ । उत्पादन क्षमता र बिक्रीसमेत घट्दा उद्योगले निरन्तर घाटा बेहोरिरहेको छ । बिगतमा भारतीय सिमेन्टले नेपालको ९० प्रतिशत माग धानेको समयमा हेटौंडा सिमेन्टका लागि उपभोक्ताले डिलरमा पैसा जम्मा गरेर महिनौं कुर्ने गरेका थिए । उद्योगका कर्मचारी अहिले पनि यही अवस्थाको खोजीमा छ । बजारमा हेटौंडा सिमेन्ट जत्तिकै गुणस्तरका नेपाली सिमेन्ट जताततै पाइन्छ । हेटौंडा सिमेन्ट नै कुरेर बस्ने उपभोक्ता छैनन् अहिले ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

| मकवानपुर प्रहरी | | एम्बुलेन्स सेवा | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल: | १०० | नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| जिल्ला ट्राफिक: | ५२०५९९ | हेटौंडा अस्पताल: | ५२०३०५ |
| वडा प्रहरी: | ५२०२९९ | परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| पशुपतिनगर इलाका: | ५२०५९८ | मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| पालुङ इलाका: | ६२०४६७ | छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| मनहरी इलाका: | ९८५५०९०१६१ | भीमफेदी रेडक्रस: | ६२०६९९ |
| इलाका फापरबारी: | ६२१९८० | पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| इलाका भीमफेदी: | ६९१४६२ | बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ | सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ | बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| चित्लाङ चौकी: | ६९२००० | बारुण यन्त्र: | १०१ |
| चौघडा चौकी | ९८४४०५४६०४ | बाल हेल्पलाइन नेपाल: | १०९८ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ | माइती नेपाल: | ५२१०५० |
| फाखेल चौकी: | ९८४५०३१३९८ | अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ | सार्वजनिक हितको लागि साझाकुरा राष्ट्रिय दैनिक | |

## भोलिको पात्रो

भोलि वि.सं. २०८१ बैशाख ५ गते बुधबार १७ अप्रिल २०२४ । नवमी, चैत शुक्लपक्ष । चौलाथ्व ११४४ ने.सं. । सूर्योदय ५:३९, सूर्यास्त ६:२९ । रामनवमी ब्रत (रामजयन्ती)

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : रमाइलोको समय रहेको छ | **तुला** | : भेटघाटमा समय बित्नेछ |
| **वृष** | : शरीरमा समस्या देखिन सक्नेछ | **वृश्चिक** | : सम्पत्तिको खचपच हुनेछ |
| **मिथुन** | : सामाजिक प्रतिष्ठा बढ्नेछ | **धनु** | : सुखभोगको समय रहेकोछ |
| **कर्कट** | : सानातिना अवरोध आइरहनेछ | **मकर** | : आर्थिक लाभ मिल्नेछ |
| **सिंह** | : मित्रसंग विवाद हुनसक्नेछ | **कुम्भ** | : विवाद हुन सक्ने |
| **कन्या** | : धन खर्च हुनेछ | **मीन** | : मनलाई नियन्त्रण गर्नुपर्नेछ |

# कानुन निर्माणमा बाह्य शक्ति र स्वार्थ समूहको चलखेल

> जब राजनीति सती जान्छ तब कानुन पनि सती जान्छ । जब राणा, राजा र कांग्रेसबीच त्रिपक्षीय दिल्ली सम्झौता भयो तब राजनीतिमा मात्र नभई कानुनमा पनि बाह्य शक्तिको चलखेल शुरु भयो । २००७ सालमा नेपालको न्यायपालिकाको प्रमुख कोलकातामा वकालत गरिरहेका हरिप्रसाद प्रधान भए, जसले प्रधानन्यायालय ऐनमार्फत एङ्लो इन्डियन कानुनी प्रणाली र रिट क्षेत्राधिकारको विषय नेपालमा प्रवेश गराए, जुन बेलायती कानुनी प्रणालीको आधारभूत विशेषता हो ।



✍ डिबी भण्डारी

नेपाली कानुनी प्रणाली विश्वमै अनुपम र मौलिक विशेषता बोकेको प्रणालीको रुपमा विकसित भएको हो । संरक्षण र प्रचार दुवैको अभावमा हामीले विश्वसामु नेपाली कानुनका प्रावधान र शासकको कौशललाई देखाउन सकेका छेनौं । कानुन, राजनीति वा अन्य क्षेत्रमा नेपालको छुट्टै मौलिक विशेषता, विधि र प्रक्रियालाई भुलेर लादिएको वा लाद्न लगाइएका व्यवस्था वा प्रणाली हामीले अवलम्बन गरेका छौं । होइन भने हामी किन हाम्रो छुट्टै पहिचानलाई शक्तिको रुपमा देखाउन सक्दैनौं ।

जति बेला संसारलाई कानुन के हो, कसरी बन्छ ? भन्ने थाहा थिएन, अहिलेका शक्तिशाली देशहरुको अस्तित्व नै थिएन, भए पनि लडाइँमा व्यस्त रहँदा वि.सं. १४३६ मा जयस्थिति मल्लले मानव न्यायशास्त्र बनाएर लिखित कानुनको अवधारणा ल्याए, राम शाह तथा पृथ्वीनारायण शाहका भनाइ र थितिहरु आजसम्म कानुनी प्रणालीमा मात्र नभई राजनीति र अर्थशास्त्रमा समेत वाणीको रुपमा विकसित भएका छन् ।

जति बेला विश्व दोस्रो विश्वयुद्धको संघारमा थियो, त्यति बेला नेपालमा निर्माण भएको पहिलो लिखित संविधानमा नै मानवअधिकारको कुरा उल्लेख गरिएको थियो । त्यसको १० महिनापछि युडीएचआरमा मानवअधिकार भन्ने शब्द उल्लेख गरियो, यसको अर्थ विश्वले मानवअधिकार नेपालबाट सिक्यो भन्न होइन, भनाइ त हामी विश्वभन्दा मानवअधिकारमा अगाडि छौं भनेको हो । लिखित कानुनमा त जयस्थिति मल्लले चक्मा देखाइसकेका थिए । नेपालको कानुनी इतिहास, पद्धति र शासकीय शैलीलाई विश्वसामु पुऱ्याउने जिम्मा प्रकाश वस्ती, भीमार्जुन आचार्य तथा पुरुषोत्तम लोचन श्रेष्ठको मात्र होइन, तर विडम्बना, हामी नेपालको पहिलो लिखित कानुन भनेर मुलुकी ऐन १९१० लाई पढ्छौं, १९१० को मुलुकी ऐनको अनुहार देख्दैनौं, विश्वमा चलेका शासकीय शैलीको चर्चा गर्छौं तर आफ्नै मौलिक शासकीय पद्धतिको अनुशरण गर्दैनौं । भनाइको तात्पर्य न्यायप्रेमी शासकको शैली, योगदान वा भूमिकालाई अवमूल्यन गर्नुहुँदैन भन्ने हो ।

यो लेख एक वर्षअगाडि एउटा कार्यक्रममा सभामुखसमक्ष कानुन निर्माणमा स्वार्थ समूहको चलखेल कत्तिको छ भनेर जवाफ माग गर्दा जवाफ नआएपछि र कलेजको रिसर्च पेपरको विषयवस्तु यही भएकाले यसकै नतिजाको रुपमा आएको हो । कानुन निर्माणजस्तो व्यवस्थापकीय शैलीमा जनताको आवश्यकता वा इच्छा मुखरित नभई निश्चित समूहको स्वार्थ हाबी हुँदा देखिने जटिलता, प्रभाव वर्तमान समयमा व्यापकरुपमा देखा परेको छ ।

वार्थ समूह भनेका विशेष उद्देश्य वा लक्ष्य भएका पेसागत वा अन्य प्रकारका संघ-संगठनहरु हुन्, जसले उद्देश्य पूरा गर्नका लागि मियोको रूपमा मानिएको कानुनलाई हस्तक्षेप गर्न पुग्छन् र आफ्नो योजना सफल पार्दछन् । यिनीहरुलाई राजनीतिशास्त्रको भाषामा दबाब समूह भन्दा पनि फरक पर्दैन । यसका अलावा विदेशी हस्तक्षेपले कुनै देश वा विदेशी संस्थाको एजेन्डा बोक्ने समूह वा त्यसका विभिन्न स्वरुपहरुलाई जनाउँछ ।

नेपालको कानुन निर्माणको प्रकियामा स्वार्थ समूहको हाबी वा हस्तक्षेपको चर्चा गर्दा औपचारिकरुपमा प्रजातन्त्र स्थापनापछि शुरुवात हुन्छ । त्योभन्दा अगाडि त्यस्ता समूहको दबाब वा चलखेल नभई नेपाली शासकहरुले नै अन्य कानुनी प्रणालीका विशेषता, शब्द वा प्रावधानलाई अनुशरण गरेको पाइन्छ । नेपालको प्राचीन काल किराँत र लिच्छविमा लिखित कानुन नभए पनि न्याय व्यवस्थाको सुव्यवस्थित जग बसेको प्रमाण विभिन्न शिलालेख, ताम्रापत्र वा धर्मशास्त्र हेर्दा स्पष्ट हुन्छ । सो समयमा शासकपिच्छे कानुनी तथा अदालती प्रकिया र व्यवस्थाहरु परिवर्तन हुन्थे तर बाह्रय हस्तक्षेप वा प्रभावको स्वर सुनिदैनथ्यो ।

मध्यकालमा राजा जयस्थिति मल्लले बनाएको न्याय विकासिनीमा प्रभाव वा हस्तक्षेप नभई कानुनी प्रावधानहरु अनुशरण गरिएको देखिन्छ । जयस्थिति मल्लले उक्त कानुन बनाउन उपत्यकाभन्दा बाहिर (भारत) का विद्वान्हरु कीर्तिनाथ उपाध्याय, रघुनाथ भट्टलगायतका विद्वान्हरुलाई ल्याएकाले तत्कालीन मुगल राज्यका केही शब्दहरु जस्तै- कबोलम, अदमी, फर्मासीजस्ता शब्दहरु नेपाली कानुनमा भित्रिएका थिए ।

सुधारवादी राजा राम शाह र पृथ्वीनारायण शाहको शासनकालमा 'न्याय नपाए गोरखा जानु', 'झगडा सुन्नु दण्ड गरी लिनु' दिव्यउपदेशजस्ता उक्ति र व्यवस्थित कानुनी प्रणालीको ढाँचा स्थापना भए पनि अप्रत्यक्षरुपमा मुगल राज्य र कानुनी प्रणालीको अनुशरण थियो । जस्तै- हुकुम, निसाफ, बिन्ती, बक्सियोजस्ता तत्कालीन शब्दहरु वर्तमान समयमा पनि प्रयोगमा आउँछन् । यसले प्रभाव वा हस्तक्षेपभन्दा पनि अनुशरण गरिएको कानुनी शब्दहरु चल्तीको रुपमा प्रयोग भएको देखाउँछ ।

कानुनी व्यवस्था वा अनुशरणको सबैभन्दा ठूलो प्रभाव त राणाकालमा शुरु भएको थियो । नेपालको पहिलो संविधानसमेत भनेर चिनिने उक्त कानुन बेलायती र फ्रान्सेली कानुनी प्रणालीको नक्कली स्वरुपजस्तै थियो । कतिसम्म भने, त्यसमा कानुनका व्यवस्थाहरु मात्र नभएर राज्य सञ्चालनका तरिकाहरु तथा धेरै शब्दहरु त अंग्रेजी नै थिए भने पूर्णविरामको प्रयोग नगरी अंग्रेजी व्याकरणका नियमहरु प्रयोग गरिएको थियो । उक्त ऐनमा भएका व्यवस्था तथा शब्दहरु तत्कालीन बिट्रिस/भारतीय कानुनी प्रणालीका अनुशरण गरिएका थिए । तथापि जंगबहादुरले उक्त कानुन बनाउँदा बाहिरबाट विज्ञ, पण्डितहरु भित्र्याए पनि उनीहरुको स्वार्थ मुखरित हुन भने दिएका थिएनन् ।

नेपालको कानुनी प्रणालीमा बाह्रय शक्तिको शुरुवात जंगबहादुरको पतनपछि परेको स्पष्ट हुन्छ । किनकि बिट्रिसको प्रभाव भारत हुँदै नेपालको आन्तरिक सुव्यवस्थामा त्यसदेखि नै पर्न थाल्यो । जब राजनीतिमा अप्रत्यक्षरुपमा बाह्रय शक्तिको शुरुवात भयो तब अप्रत्यक्षरुपमा कानुनमा पनि उनीहरुको स्वार्थ प्रतिविम्बित हुन थाल्यो । राणाहरु सत्ता टिकाउनका लागि ब्रिटिससामु निकट हुँदा/सहयोग गर्दा ब्रिटिसहरुको संरक्षणसँगै प्रभाव पनि बढ्दै गएको पाइन्छ । वि.सं. १९९३ मा जुद्ध शमशेरले जारी गरेको सनदको अनुशरण विदेशी भए पनि त्यसले शक्तिपृथकीकरणमा राम्रै भूमिका खेल्यो । किनकि त्यही सनदकै आधारमा राज्यका प्रमुख अंगहरु तीन अंगमा विभाजित भएका थिए । नेपालको पहिलो वैधानिक कानुन २००४ निर्माण गर्न ५३ जना विदेशीहरु नेपाल आएका थिए । लखनउ विश्वविद्यालयका प्रोफेसर रामउग्र सिंह, रगुनाथ झालगायतका व्यक्तिहरुले नेपालको संविधान निर्माणमा सहयोगीको भूमिका खेलेका थिए, उनीहरुको स्वार्थ प्रतिविम्बित भए पनि उक्त कानुन लागू हुन पाएन । तत्कालीन समयमा भारतीय राजदूत नेपालको मन्त्री परिषद्को सदस्य हुन पाउने व्यवस्था थियो, जसले कानुन राजनीति, शिक्षालगायतका क्षेत्रमा पारेको प्रभाव बुझ्न गाउँ-गाउँमा हिन्दी भाषामा पढाउन थालेको, पाठ्यक्रम तयार पारेको, भारतीय मुद्रा प्रचलन गराएकोले नै स्पष्ट हुन्छ ।

कतिसम्म भने, २०१० सालमा निर्माण गरिएको नेपाल कानुन व्याख्या ऐन-२०१० जुन अहिले पनि विद्यमान छ । उक्त कानुन र भ्रष्टाचार नियन्त्रण ऐन-२०१० त अंग्रेजी भाषामै तयार पारिएको थियो । २०१५ मा निर्माण गरिएको नेपाल अधिराज्यको संविधान पनि बेलायती संविधानविद् सर आइभर जेनिङले निर्माण गर्न सहयोग गरेका थिए । पछि पञ्चायतकालमा राजा महेन्द्रले शैक्षिक, राजनीतिक तथा आर्थिक नीति आफू अनुकूल बनाए पनि तत्कालीन न्याय प्रशासन ऐन, शिक्षा ऐन तथा प्रमाण ऐन-२०३१ बेलायती प्रभावअनुसार बनेका हुन् । पञ्चायतकालको समाप्तपछि प्रत्यक्षरुपमा विदेशी स्वार्थसँगसँगै गैरसरकारी संस्थाहरु, अन्तर्राष्ट्रिय संघ-संस्थाहरुको पनि कानुन निर्माणमा हस्तक्षेप देखा पऱ्यो । निजीकरण ऐन अन्तर्राष्ट्रिय मुद्रा कोष र विश्व बैंकको नीतिअनुसार निर्माण गरिएको थियो । विद्युत् ऐन-२०४९ तथा वातावरण ऐन-२०५३ निर्माणमा नर्वे र संयुक्त राष्ट्र संघीय वातावरण परियोजनाको संलग्नता रहेको थियो ।

कानुन निर्माणमा दातृ निकाय वा स्वदेशी वा विदेशी संस्थाहरुको सहयोग लिनु नेपालजस्तो देशका लागि स्वाभाविक हो तर सहयोगका नाममा आर्थिक वा प्राविधिक सहयोग, लगानी तथा कतिपय अवस्थामा हस्तक्षेपसमेत त शोभनीय हुन सक्दैन । किनकि नीति तथा कानुन निर्माणमा सहयोगका नाममा प्रभाव जमाएपछि स्वाभाविकरुपमा नियम ऐनअन्तर्गतका आयोजना तथा विकास निर्माणका कामहरुमा स्वार्थ समूहको हाबी हुने नै भयो । त्यस्तै नेपाली विशेषता र मौलिकताको प्रभाव कम भएको सुशासन ऐन-२०६४, कृषि विकास रणनीति-२०७२, पुनर्वास तथा पुनर्स्थापना नीति-२०७१ निर्माण गर्नमा एसियाली विकास बैंकले १९ करोड रुपियाँ बराबर खर्च गरेको तथ्यहरु पत्ता लागेका छन् । जाइकाको सहयोगमा आमसञ्चार नीति-२०७३, सूचना तथा सञ्चार प्रविधि नीति-२०७२, वन ऐन-२०७१ बनेका थिए । त्यसका लागि उक्त संस्थाले आर्थिकसँगै प्राविधिक सहयोगसमेत गरेको थियो ।

त्यस्तै फौजदारी संहिताको निर्माण गर्ने उद्देश्यले युएनडीपीले सन् २००८ देखि २०१३ सम्म न्यायमा पहुँच कार्यक्रम र २०१४ देखि २०१७ सम्म कानुनी शासन तथा मानवअधिकारको संरक्षण व्यवस्थाको सशक्तीकरण नामक परियोजना नै चलाएको थियो, जसमा उक्त संस्थाको ३ अर्ब बराबरको रकम सकिएको बताइन्छ । जाइकाले देवानी कानुनको निर्माणमा सहयोग गरेकोले भाद्र १ गते उक्त कानुनलाई विज्ञप्तिमार्फत स्वागत गर्दै रात्रिभोजको आयोजना गरेको थियो, जसका लागि जाइकाले सन् २००९ मा डा. हिरोसी मात्सुको संयोजकत्वमा सल्लाहकार समिति गठन गरेको थियो । सबैभन्दा रोचक बिषय त खानेपानी क्षेत्रलाई निजीकरण गराउने खानेपानी संस्थान विधेयक २०६३ पारित गर्न विदेशी दाता घर-घरसमेत चहारेको थिए । उक्त विधेयकमाथि संशोधनको प्रस्ताव पेस गरेका तत्कालीन एमालेका नेता हालका यातायात मन्त्री प्रकाश ज्वाला र आनन्दप्रसाद पोखेललाई संशोधन प्रस्ताव फिर्ता लिन एडीबीका प्रतिनिधिहरु घर पुगेर दबाब दिएका थिए । यसबाट विदेशी संस्था र आईएनजीओहरुको हस्तक्षेप नाङ्गो हुन्छ ।

केही नेपाली कानुनविद्हरुका अनुसार २०७४ सालमा जारी मुलुकी संहितामा नेपाली सांसदहरुले दुईवटा कुरा मात्रै परिवर्तन गरेका थिए, त्यो हो न्यायाधीशले निर्माण गरेको कानुनमा एउटा 'मुलुकी' भन्ने शब्द र अर्को इच्छापत्रको सट्टा 'दान बकस' भन्ने शब्द प्रयोग गरेका थिए । स्मरण रहोस्, उक्त कानुन बनाउन सर्वोच्चका तत्कालीन न्यायाधीश खिलराज रेग्मी र कल्याण श्रेष्ठको संयोजकत्वमा उच्चस्तरीय कार्यदल बनेको थियो, जसमा नामुद वकिल र न्यायाधीशहरु पनि सदस्य रहेका थिए । पहिलो संविधानसभाको निर्वाचनपछि त सभासदहरु विभिन्न सेमिनार, होटल तथा गैरसरकारी संस्थाका कार्यक्रमतिर व्यस्त भएकाले कैयौंपटक सभाको बैठक नै स्थगित भएको थियो । सम्पत्ति शुद्धीकरणसम्बन्धी चार वटा अध्यादेशहरु जारी गरेर नेपाललाई २०७० मा कालो सूचीमा समावेश हुनबाट रोक्ने अन्तर्राष्ट्रिय संस्थाहरु अन्तर्राष्ट्रिय प्यासिफिक ग्रुप र वित्तीय कार्वाही कार्यदलको सहयोग लिएको थियो ।

सामान्य नागरिकले पनि सहजै अनुमान गर्न सक्छन्, नेपालको राजनीति कसले चलाउँछ, कसरी दलहरु मिल्छन् र एक-आपसमा फुट्छन् भनेर । जसरी राजनीति चल्छ, त्यसरी नीति नियम पनि बन्छ । वर्तमान समयमा स्वदेशी तथा विदेशी संघ-संस्थाहरुले कानुन निर्माणमा अति नै प्रभाव पारेका छन् । हालका प्रतिनिधि तथा राष्ट्रिय सभाका सदस्यहरु कानुन निर्माण आफूले भन्दा एजेन्टहरुले निर्माण गरेको बताउँछन् । विधेयकमा संशोधन प्रस्तावसमेत दर्ता गर्दा पारित हुँदैन, पारित गर्नेले संशोधन प्रस्ताव दर्ता गर्दैन ।

वर्तमान समयमा त विदेशी तथा स्वदेशी गैरसरकारी संस्थाहरुले सबै सरकारी निकायहरुमा अड्डा जमाएको छ भन्दा फरक पर्दैन । अझ विश्वविद्यालय त संस्थाहरुको बजेट कार्यान्वयन गर्ने थलो बनेका छन् । अदालतदेखि सरकारी कार्यालयसम्म, स्थानीय तहदेखि प्रदेशसम्म विदेशी संस्थाहरुको स्वार्थ हाबी भएको छ, जसलाई प्रमाणित गर्ने प्रमाण मधेस प्रदेशसभामा पेस भएको प्रस्तावित प्रहरी ऐनको मस्यौदा हो, जुन निर्माणमा प्रसिद्ध अमेरिकी संस्था द एसिया फाउन्डेसनको हात रहेको थियो । यी सबै घटनाहरु त पर्दाबाहिरका प्रतिनिधिपात्र मात्र हुन् । अनुसन्धान गर्ने हो भने यस्ता कानुनका
कसले बनाउँछ
भन्ने विषय प्रमाणि
२०८० र एनसेलगायतका प्रकरणलाई हेर्दा थाहा हुन्छ ।

कानुन निर्माण गर्दा कार्यान्वयनको भार र क्षेत्र पहिचान गरी बनाउनुपर्छ । जस्तै- स्वास्थ्यसम्बन्धी कानुन नेपाल मेडिकल काउन्सिल र चिकित्सक संघको सहयोगमा बनाउनुपर्छ । तर नेपालमा कानुन निर्माणमा सहयोग गर्ने कानुन मन्त्रालय तथा कानुन आयोगले तयार पारेको विधेयक हत्तपत्त पारित नै हुँदैन, भए पनि वर्षौं लाग्छ । तर आफैं उत्पत्ति भएको कानुन पारित गर्न हाम्रा माननीयहरुलाई हतार हुन्छ, जस्तै- एमसीसी !

कानुन निर्माणमा सांसदहरुलाई मात्र नभएर विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ-संस्थाहरूले अदालतका कर्मचारी र न्यायाधीशहरुलाई समेत प्रयोग गर्ने गरेका छन् । भ्रमण भत्ता, विभिन्न सुविधा उपलब्ध हुने, फ्री टिकट उपलब्ध हुने भएपछि के चाहियो र ? संविधान तथा मुलुकी संहिता निर्माण गर्न प्राध्यापक, कानुनविद् तथा सांसदहरुलाई कहिले पाँचतारे होटलमा त कहिले अमेरिका, जापान तथा अस्ट्रेलियामा बैठक बसाल्ने चलन थियो । जुन चलन अहिलेसम्म विद्यमान छ ।

संहितामा भएका अन्तरदेशीय धर्मपुत्र वा धर्मपुत्र-पुत्रीसम्बन्धी व्यवस्था, विदेशी संघ-संस्थाले नेपालमा गुठी स्थापना गर्न पाउने, प्रेस स्वतन्त्रतालगायतका कैयौं प्रावधानहरु नेपालीको इच्छाबमोजिम आएका होइनन् । अहिले सर्वोच्च अदालतका न्यायाधीशहरुको गन्तव्य अमेरिका, चीनलगायतका देशहरु बन्दा उच्च र जिल्लाका न्यायाधीशहरु मलेसिया तथा थाइल्यान्डजस्ता देशहरुमा कार्यक्रमका नाममा गइरहन्छन् तर कुन प्रयोजनका लागि हो, के उपलब्धि भयो भन्ने केही खुलाउँदैनन् ।

अहिले अदालत र सरकारी कर्मचारीहरु कार्यालय छोडेर भए पनि त्यस्ता संस्थाहरुको सेमिनार, गोष्ठी तथा सम्मेलनमा सहभागी हुन्छन् । केही समयअगाडि सर्वोच्चका एक रजिस्ट्रारको नाम कर्मचारीहरुले 'सेमिनार प्रसाद' राखिदिएका थिए । विदेशी संस्थाहरुले त कतिसम्म गर्छन् भने, एकपटक युवराज संग्रौलालाई एक अमेरिकी संस्थाले विनाजानकारी १५ दिनको अमेरिका भ्रमणको अफर गरेछ । कुन प्रयोजनका लागि हो, किन जाने हो, स्पष्ट नपारेपछि उहाँले उक्त भ्रमण ठाडै अस्वीकार गर्नुभएछ र उल्टै पत्र लेख्दै अब यस्तो नगर्न अनुरोध गरेपछि उक्त संस्थाले माफी मागेको थियो । तर त्यही भ्रमणमा कल्याण श्रेष्ठ लगायतका व्यक्तिहरु भने सहभागी भएछन् ।

संविधानविद् विपिन अधिकारीका अनुसार आजसम्म नेपालमा कुनै पनि संविधान नेपाली जनताको चाहनाले आएको र गएको पनि छैन । दोष त सासंदको पनि छ । निर्वाचन जितेर जाने, कानुन निर्माण तथा अनुसन्धानमा रुचि हुनुको साटो विकास निर्माणका काम, भ्रमण, सेमिनार तथा सम्मेलनमा सहभागी हुने, विद्युतीय माध्यमबाट हुने व्यापारसम्बन्धी कानुनमा विद्युत् व्यापारको चर्चा गर्ने प्रवृत्ति छ । सांसदहरु वैदेशिक भ्रमणमा जाँदा संसद्मा समितिहरुको बैठक गणपूरक संख्याको अभावमा बस्न नसक्ने अवस्था अहिले पनि छ । हुन पनि बाध्यताजस्तै बनेको छ । किनकि प्रत्येक पार्टीका आफ्नै पार्टीका एनजीओ, आईएनजीओ छन् । कार्यक्रममा जानुपऱ्यो, त्यही भएर ६२ करोड खर्च गर्दा एउटा अधिवेशनमा एउटा पनि कानुन बन्दैन भने उता विदेशी संस्थाहरुको खर्च लगभग नेपालको बजेट जत्तिकै छ ।

कानुन कार्यान्वयनमा कति जटिलता र अस्पष्टता छ भन्ने हेर्न अहिले संविधान तथा अन्य कानुन कार्यान्वयनमा देखिएका जटिलता नै काफी छ । अहिले नेपालको अवस्था हेर्दा यस्तो लाग्छ, हाम्रा माननीयहरुलाई हामीले नीति बनाउन होइन सेमिनार र कार्यक्रममा सहभागी हुन पठाएका हौं, कानुन सम्प्रभुले होइन केही एजेन्टहरुले बनाउँछन् र उनीहरुकै उद्देश्य पूरा हुन्छ । कहिलेकाहीं त विकट क्षेत्रका सरकारी कार्यालयहरु नै आईएनजीओले दिने प्रशिक्षण सेमिनारमा सहभागी हुँदा बन्दसमेत भएका छन् ।

पर्दाबाहिरबाट कानुन निर्माणमा शक्तिहरुको चलखेल देख्दा यस्तो लाग्छ, यसबाट उन्मुक्ति पाउनु बसको विषय होइन । यसले वास्तविकरुपमा जनताको इच्छालाई प्रतिविम्बित गर्दैन र हरेक क्षेत्रमा अनिश्चितता खडा गर्छ । किनकि कानुन हरेक क्षेत्रको मुहान हो, मुहान फोहोर भएमा समग्र नदी नै फोहोर हुन्छ ।

*(साभार: नेपाल समाचार-पत्र)*

# नागढुंगा टनेल : नेपालमा सुरुङ यात्राको प्रस्थानविन्दु

काठमाडौं/सडक यातायात प्रयोजनमा प्रयोग गर्ने सुरुङ मार्गमध्ये नेपालको पहिलो र सबैभन्दा लामो नागढुंगा-सिस्नेखोला सुरुङमार्ग सोमबार 'ब्रेक थ्रु' (छिचोलिएको) छ । संघीय राजधानी काठमाडौंलाई बाहिरी जिल्लासँग जोड्ने मुख्य राजमार्ग पृथ्वी राजमार्गमा निर्माणाधीन यो सुरुङमार्गको सोमबार प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डको उपस्थितिमा 'ब्रेक थ्रु' गरिएको हो ।

यससँगै मुलुकको सुरुङमार्ग तर्फको यात्रा समेत सुरु भएको छ । २०७६ कात्तिकबाट निर्माण थालिएको सुरुङमार्गको लम्बाइ २ हजार ६ सय ८८ मिटर छ । 'ब्रेक थ्रु' का लागि दुई मिटर बाँकी राखिएको थियो । सोमबार प्रधानमन्त्री दाहालले स्विच थिचेर सुरुङ 'ब्रेक थ्रु' गरे । नागढुंगा र सिस्नेखोलाको दुवैतर्फबाट खनिएको सुरुङ सोमबार छिचोलिएको हो । यसरी सुरुङ छिचोलिए पनि तत्काल सवारीसाधन आवतजावत भने हुने छैन ।

यहाँ सुरुङभित्र र बाहिर सुरुङमार्गसँग सम्बन्धित अन्य काम भने पूरा हुन बाँकी छ । सुरुङमार्ग निर्माण आयोजनाका उपनिर्देशक गोविन्द डुमरुका अनुसार सुरुङ छिचोलिएको कम्तीमा एक वर्षभित्र सञ्चालनमा ल्याउने लक्ष्य लिइएको छ । प्रधानमन्त्री दाहालले नागढुंगा क्षेत्रमा हुने ट्राफिक जाम, उकालो सडक, सुरक्षाका हिसाबले कायम रहेको जोखिमका साथै वर्षायाममा हुने पहिरोको उच्च जोखिम लगायत समस्या समाधान गर्न यो आयोजना परिकल्पना गरिएको बताए ।

यसले उपत्यकाबाट बाहिरिने सडकको अवस्था सुधार गरी यात्रा समय र यातायात सञ्चालन खर्च घटाउने समेत उनले बताए । यो सुरुङमार्ग नेपाली माटो सुहाउँदो सुरुङ सम्बन्धी दस्तावेज बन्ने समेत उनको भनाइ छ ।



### चुरियामाईपछि रोकिएको सुरुङ विकास

नेपालमा सडक सुरुङमार्गका रूपमा पहिलो सुरुङ मकवानपुरमा रहेको चुरियामाई सुरुङमार्गलाई लिइन्छ । नेपाल आर्थिक पत्रकार समाज (सेजन) र पोलिसी इन्टरप्रेनर्स इन्कर्पोरेटेड (पीपीआई) ले संयुक्त रूपमा गरेको विदेशी लगानीका पूर्वाधार आयोजना सम्बन्धी खोज अध्ययन पुस्तकमा उल्लेख भएअनुसार चुरियामाई सुरुङमार्ग निर्माण सन् १९१७ मा चन्द्र शमशेरले बनाएका हुन् । त्यसपछि सडकमा सुरुङ प्रयोग ठप्प भयो ।

माथिल्लो मर्स्याङ्दी जलविद्युत् आयोजनाले आफ्नो प्रयोजनका लागि लमजुङमा बनाएको ३ सय ४० मिटर लामो सुरुङमा यातायात चल्छन् । तर, यो व्यावसायिक सडक प्रयोजनमा बनेको होइन । माथिल्लो तामाकोसी आयोजनाले बनाएको ३ सय ३७ मिटर लामो सुरुङमा पनि यातायात चल्छन् । तर, नागढुंगा भने व्यस्त राजमार्गमा बनेको पहिलो र सबैभन्दा लामो सुरुङ मार्ग हो । संख्यात्मक हिसाबले नागढुंगा टनेल नेपालको चौथो सुरुङमार्ग हो ।

आधुनिक नेपालमा सबैभन्दा धेरै सुरुङ विकास जलविद्युत् आयोजनामा भयो । उक्त खोज प्रतिवेदन अनुसार जलविद्युत्, सिँचाइ, खानेपानी र सडक आयोजनामा गरी अहिले करिब २ सय ८० किलोमिटर सुरुङ बनिसकेको छ ।

### के-के बन्दैछ नागढुंगामा ?

नागढुंगा-सिस्नेखोला सुरुङको कुल लम्बाइ २ हजार ६ सय ८८ मिटर छ । यो आयोजनाको रेस्क्यु टनेलको भने एक वर्ष अगाडि नै ब्रेक थ्रु भएको हो । यहाँ २ हजार ५ सय ५७ मिटर लामो रेस्क्यू टनेल छ ।

सुरुङबाहेक यहाँ फ्लाइओभर, पुल, बक्स कल्भर्ट, अन्डरपास र ओभरपास समेत कुल १२ वटा थप संरचना बनिरहेका छन् । यी संरचनाको काम सकेर पूर्णता दिन अर्को एक वर्ष लाग्ने छ ।

यो सुरुङमार्गलाई त्रिभुवन राजपथसँग जोड्न २.८७ किलोमिटर पहुँचमार्ग बनिरहेको छ । सुरुङसम्म पहुँचमार्गका लागि गुर्जुधारा चोक र सुरुङको मुख नजिकै फ्लाइओभर समेत सँगै बनिरहेका छन् । गुर्जुधाराको फ्लाइओभर ६ सय १० मिटर लामो हुँदैछ ।

यो आयोजना अध्ययन सन् २०१४ मा भएको थियो । २०१६ मा स्रोत सुनिश्चित भएपछि २०१७ मा डिजाइनको काम सुरु भएको थियो । जापानी ठेकेदार कम्पनी हाजमा-आन्दो जेभीले यस आयोजनामा काम गरिरहेको छ । यो कम्पनी कोटेश्वर-सूर्यविनायक खण्ड विस्तार तथा बीपी राजमार्ग निर्माणमा समेत सफल कम्पनी हो ।

आयोजनामा 'टनेल बोरिङ मेसिन' (टीबीएम) र विस्फोटक पदार्थ प्रयोग नगरी नै सुरुङ बनाइएको छ । अहिले सडकमा सानो अवरोध हुँदा नौबिसेबाट काठमाडौं आउन घण्टौं जाममा फस्नुपर्छ । सुरुङमार्ग सञ्चालनमा आएपछि यो समय २० मिनेटमा झर्ने छ ।

यो सुरुङमा मोटर साइकल र अतिप्रज्वलनशील पदार्थ बोकेर हिँड्ने सवारीसाधनले प्रवेश अनुमति पाउने छैन । अन्य सवारी साधन भने धादिङ नौबिसेबाट सुरुङमार्ग हुँदै काठमाडौं प्रवेश गर्न सक्नेछन् । सडक सुरक्षाका दृष्टिले यी सवारीसाधन यहाँ निषेध हुने भएका छन् ।

### २४ वर्षअघिको सपना

नेपालको आग्रहमा जापानी सहयोग नियोग (जाइका) ले सन् २००१ (२०५८ साल) मा काठमाडौं-नौबिसे सडक विस्तारको सम्भाव्यता अध्ययन गरेको थियो ।

जाइकाले यो सडक चार लेनमा विस्तार गर्न सम्भव नभएको भन्दै वैकल्पिक सडक बनाउन सुझाव दिएको थियो । त्यसपछिको १० वर्षसम्म यो सडक विस्तार वा विकल्प केमा जाने भन्नेबारे सरकारले कुनै निर्णय गरेन ।

२०११ (२०६८ साल) मा तत्कालीन प्रधानमन्त्री झलनाथ खनाल नेतृत्वको सरकारले नागढुंगामा सुरुङ बनाउने निर्णय गर्‍यो । तत्कालीन अर्थमन्त्री भरतमोहन अधिकारीले पेस गरेको २०६८/६९ को बजेटमा नागढुंगा सुरुङ बनाउन बजेट नै विनियोजन भएको थियो ।

सरकारले सुरुङ बनाउने भनी निर्णय गरेको दुई वर्षपछि २०७० सालमा सडक विभागले प्रारम्भिक अध्ययन प्रतिवेदन बनायो । त्यसपछि सुरुङ मार्ग निर्माणका लागि चाहिने प्रारम्भिक कामले गति लिएका थिए ।

२०७३ सालमा जापानका परराष्ट्रमन्त्री नोबुओ किशोको नेपाल भ्रमणका बेला सुरुङमार्गका लागि नेपाललाई सहुलियतपूर्ण ऋण दिने घोषणा जापानले गरेको थियो । त्यो भ्रमण नेपाल र जापानबीच कूटनीतिक सम्बन्ध स्थापना भएको ६०औं वर्षगाँठका अवसरमा भएको हो । १६ डिसेम्बर २०१६ मा अर्थ मन्त्रालयमा नेपाल र जापानका अधिकारीबीच ऋण सम्झौतामा हस्ताक्षर भएको थियो । सम्झौता अनुसार १६ अर्ब ३६ करोड ६० लाख येन जापानले नेपाललाई उपलब्ध गराउने र बाँकी लागत नेपालले बेहोर्ने सहमति भएको थियो ।

सुरुङमार्ग र पहुँचमार्ग समेत गर्दा यो आयोजनाको कुल लागत २२ अर्ब रुपैयाँ हाराहारी हो । जापानी निर्माण कम्पनी हाजमा आन्दो कर्पोरेसनसँग २३ सेप्टेम्बर २०१९ मा खरिद सम्झौता भएको थियो ।

तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले २२ अक्टोबर २०१९ मा शिलान्यास गरेको यो आयोजनाको कामको थालनी भने १४ नोभेम्बर २०१९ बाट भएको हो । आयोजना सम्पन्न भएपछि सञ्चालन र मर्मतको काम सडक विभागले गर्ने छ । यो सुरुङ आयोजना सञ्चालन आयु ३० वर्षको हो ।

### पाइपलाइनमा छन् दुई दर्जन सुरुङ आयोजना

नेपालमा बहुचर्चित दुई सुरुङमार्ग आयोजना नागढुंगा र सिद्धबाबा हुन् । जसको काम नै सुरु भइसकेको छ । ग्वार्को-सातदोबाटो फ्लाइओभर पनि काम सुरु भइसकेको छ । यी आयोजनासँगै दुई दर्जन सुरुङ आयोजना पाइपलाइनमा छन् ।

यी सुरुङ काठमाडौं-तराई-मधेश द्रुतमार्गमा बनिरहेका सुरुङभन्दा अलग हुन् । भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका अनुसार सिद्धबाबा सुरुङमार्ग निर्माणले गति लिइसकेको छ ।

यसबाहेक धरान लेउती सुरुङमार्ग, दुम्कीबास-बर्दघाट, हेम्जा-नयाँपुल, मझिमटार-शक्तिखोर, नयाँबानेश्वर अन्डरपास, प्रवास-जोर्ते (पाल्पा), बबई-छिन्चु, ताथली-रविओपी, बीपीनगर-खुटिया, गोदावरी-मानचौर सुरुङमार्ग अहिले अध्ययन चरणमा छन् ।

यसैगरी छोरेपाटन-गुडीखोला, बागलुङ-नरेठाँटी, कुशेपाटन-इमिचला (जुम्ला), सुनमाई राजदुबोल (इलाम), बेसिशहर-नाल्म, जाजरकोट-ब्याउलीढुंगा-टोप्ला, टोखा-छहरे सहित आयोजनामा अहिले विभिन्न चरणका अध्ययन भइरहेको मन्त्रालयले जनाएको छ ।

(स्रोत: अनलाइनखबर)

# दिव्याका लागि काठमाडौंमा दीलिपले किने ६ करोडको घर



काठमाडौं/अभिनेता दीलिप रायमाझीकी छोरी दिव्या रायमाझी फिल्म 'एक्टर'बाट डेब्यूको तयारीमा छिन् । बाल्यकालदेखि नै अमेरिका बस्दै आएकी उनी फिल्ममा काम गर्नका लागि गत चैत दोस्रो साता काठमाडौं आइसकेकी छिन् । यतिबेला उनले फिल्मको वर्कसपसँगै जिममा वर्कआउट पनि गरिरहेको जानकारी प्राप्त छ । यही बैशाख अन्तिमबाट फिल्मको छायांकन सुरु गर्ने तयारी गरिएको छ ।

अब दिव्याले नेपालमै बसेर फिल्ममा गर्ने भएकाले उनका लागि दीलिपले काठमाडौंमा घर समेत खरिद गरेका छन् । नयाँ बानेश्वर र पुरानो बानेश्वरको बीचमा करिब ६ करोड मूल्यमा उनले घर किनेको स्रोतले जनाएको छ । त्यस घरमा उनको परिवार यसै साता सरिसकेको छ । अब दिव्याका लागि नयाँ गाडी किन्ने योजनामा दीलिप छन् । उनका लागि महिला म्यानेजर पनि नियुक्त गरिँदैछ ।

दीलिपको अमेरिकामा पनि निजी निवास छ । तर, अचेल उनको बसाई नेपालमै बढी भइरहेको छ । छोरीलाई 'सेटल' गर्न यतिबेला उनकी श्रीमती मञ्जु पनि नेपालमा छिन् । उनी केही दिनमा नै अमेरिका फर्किँदैछिन् । दीलिपले भने नेपाल र अमेरिका आउजाउ गरिरहने जनाइएको छ । छोरीको काठमाडौं बसाई व्यवस्थित गर्न र उनको फिल्म करिअरलाई लिएर दुवै गम्भीर देखिएका छन् ।

राजन भुसालको निर्देशनमा बन्न लागेको 'एक्टर'मा दिव्याको जोडी अभिनेता प्रदीप खड्कासँग बाँधिनेछ । सम्झौताको हिसाबले यो उनको दोस्रो फिल्म हो । यसअघि उनले 'बरिष्ठ बलराम' सम्झौता गरेकी थिइन् । तर, यो फिल्मको निर्माण अन्योल भएपछि उनी 'एक्टर'मा जोडिएकी हुन् । सुन्दरताका कारण लामो समयदेखि चर्चामा रहेकी दिव्याले अभिनय सम्बन्धी अध्ययन पनि गरेकी छन् ।

# ऋचाले सुरु गरिन् 'सारंग'को छायांकन



काठमाडौं/सन्तान हुर्किएपछि अभिनेत्री ऋचा शर्माको फिल्ममा पुन: व्यस्तता बढेको छ । गत वर्ष तीनवटा फिल्ममा काम गरेकी उनको यस वर्षको सुरुवात फिल्म 'सारंग'बाट भएको छ । उनले आइतबारबाट फिल्मको छायांकन सुरु गरेकी हुन् । कोटेश्वरस्थित कान्जिरोवा स्कुलमा क्यामेरा र स्क्रिप्ट पूजा गर्दै फिल्मको छायांकन सुरु गरिएको हो । फिल्मको सुटिङ सेड्युल एक महिनाको राखिएको छ ।

कोरियोग्राफर समेत रहेका प्रशान्त तामाङको निर्देशनमा बन्न लागेको फिल्ममा ऋचासहित समीरमणि दीक्षित, सुरज तमु, मणि के राई, उत्पल झा, अनिषा न्यौपाने, नीरज ब्ल्याक, दीपिका थापा, सुमन सागर जंग केसी, बालकलाकारद्वय सम्राट थापा र आदित्य कार्कीको मुख्य भूमिका रहनेछ । फिल्मलाई यस वर्षको बाल दिवसको छेको पारेर प्रदर्शन गर्ने योजनामा निर्माण टिम रहेको छ ।

'सारंग'ले बाल मनोविज्ञान, बालअधिकार तथा धनी र गरिबबीचको खाडलको कथा भन्ने निर्देशक तामाङले बताए । उनले यसअघि बाल मनोविज्ञानमा आधारित फिल्म 'ठूलो मान्छे' निर्देशन गरेका थिए, जसका निर्माता प्रदीप खड्का (अभिनेता) थिए । दर्शन बुद्ध फिल्म्सको प्रस्तुति रहेको फिल्मलाई गोपाल रायले छायांकन गर्नेछन् भने मित्र ध्वज गुरुङले सम्पादन गर्ने जिम्मवारी पाएका छन् ।

# 'रङ्गेली' निर्देशकले 'सोल्टिनी' बनाउने



काठमाडौं/अर्जुन सुवेदीले गत वर्षको फागुनमा रिलिज भएको ग्याङस्टार फिल्म 'रङ्गेली'बाट निर्देशनमा डेब्यू गरेका हुन् । फिल्म व्यावसायिक रुपमा असफल भए पनि उनको कथावाचन शैली र क्षमताको समीक्षकले प्रशंसा गरेका थिए । पहिलो फिल्मबाटै निर्देशनमा राम्रो सम्भावना देखाएका उनी अब अर्को फिल्मको तयारीमा जुटेका छन् । उनले दोस्रो फिल्म लभस्टोरी कथामा बनाउन लागेका हुन् ।

फिल्मको शीर्षक 'सोल्टिनी' जुराइएको छ । निर्देशक सुवेदीका अनुसार, चलचित्र विकास बोर्डमा नाम दर्ता भइसकेको छ । फिल्म अन्तरजातीय प्रेमकथामा बन्ने उनले जानकारी गराए । आगामी साता पोस्टरमार्फत् फिल्मको निर्माण घोषणा गर्ने तयारी गरिएको छ । छायांकन भने आगामी मंसिर ११ गतेबाट पूर्वका जिल्लाहरुमा हुनेछ । फिल्मलाई 'रङ्गेली'कै निर्माण समूहले बनाउन लागेको हो ।

आगामी वर्षको तीजलाई फिल्म प्रदर्शनको योजना बनाइएको छ । फिल्मका लागि कलाकारहरु भने निश्चित नभइसकेको निर्देशक सुवेदीले बताए । उनले 'रङ्गेली'अघि दुई सर्ट फिल्म 'लभ एट फर्स्ट साईट' र 'हु आई एम' निर्देशन गरेका थिए । लामो समयदेखि अमेरिकामा बस्दै आएका उनले त्यहाँ नेपाली फिल्मको वितरण तथा सांगीतिक कार्यक्रमको आयोजना समेत गर्दै आइरहेका छन् ।

# साढे १४ लाखभन्दा बढी बालबालिकालाई पोलियो खोप लगाइँदै

काठमाडौं/सरकारले पोलियो विरुद्धको खोप इनएक्टिभेटेड पोलियो भ्याक्सिन (आईपीभी) सुरू गर्ने भएको छ । स्वास्थ्य सेवा विभाग परिवार कल्याण महाशाखाले आगामी असारभित्र यसअघि छुटेका साढे १४ लाखभन्दा बढी बालबालिकाहरुलाई इनएक्टिभेटेड पोलियो भ्याक्सिन (आईपीभी) दिने अभियान सञ्चालन गर्ने भएको हो ।

महाशाखाका प्रमुख डा. विवेक कुमार लालका अनुसार उक्त खोप अभियानमा २०७३ बैशाखदेखि २०७५ असोजसम्म जन्मिएका १४ लाख ६२ हजार बालबालिकाहरुलाई खोप दिइने योजना छ । नेपालले सन् २०१४ बाट सुईबाट दिइने पोलियोविरुद्धको खोप (आईपीभी) सुरू गरेपनि २०१६ देखि २०१८ को मध्यसम्म विश्वव्यापी रुपमा अभाव भएका कारण खोप दिन रोकिएको थियो ।

सरकारले सन् २०१४ बाट ग्लोबल एलायन्स फर भ्याक्सिन एण्ड इमुनाइजेसन (गाभी)को सयोगमा आइपीभी सुरु गरेको थियो । तर, अन्तराष्ट्रिय बजारमै खोपको अभाव भएको भन्दै पठाउन छाडेपछि यो खोप सन् २०१६ देखि नै बन्द भएको थियो । 'दुई वर्षको अवधिमा १४ लाख ६२ हजारको हाराहारीमा आईपीभी खोपबाट वञ्चित भएको छन् । ती बालबालिकालाई लक्षित गरेर खोप कार्यक्रम स्कुल-स्कुलमा खोप दिइनेछ,' लालले संचारकर्मीसँग भने, 'चालू आर्थिक वर्षभित्रमा खोप दिने गरी सबै तयारी गरिसकेका छौं ।'

गाभीको सहयोग आउने आईपीभी खोप कहिलेसम्म काठमाडौं आउने निश्चित नभएका कारण समय तोक्न नसकिएको डा. लालले बताए । तर, चालू आर्थिक वर्षका कार्यक्रम भएकाले असारसम्म खोप दिइसक्ने उनको भनाइ छ ।

खोप अभियानबारे प्रदेशगत रुपमा तयारी बैठक भइरहेको लालले जानकारी दिए । राष्ट्रिय खोप सल्लाकार समितिले पटक-पटक आईपीभी खोप दिन सुझाव दिइरहेको थियो ।

### किन सञ्चालन गर्नु पर्‍यो आईपीभी खोप ?

पोलयो भाइरसद्धारा लाग्ने रोग हो । यो मुख्य रुपमा व्यक्ति-व्यक्ति बीचको सम्पर्कद्धारा फैलिन्छ । संक्रमित व्यक्तिको दिशा-पिसाब समावेश खाना वा पेय पदार्थको सेवनबाट फैलिने गर्छ । पोलियोले मूलत: पाँच वर्षमुनिका बालबालिकालाई असर गर्छ । खुला प्रजातिका पोलियो भाइरस तीन प्रकारका हुन्छन् र वैज्ञानिक हिसाबले ती फरक-फरक हुन्छन् ।

पहिला मुखबाट दिइने ओरल खोप मात्रै थियो । मुखबाट दिने पोलियोको तीन टाइपमध्ये टाइप वान, टाइप टु र टाइप थ्रि मध्ये मुखबाट दिइने ओरल पोलियो भ्याक्सिन (टाइप वान र टाइप थ्री) नियमित रुपमा सञ्चालन भइरहेको छ । टाइप टु नेपालबाट धेरै अघि देखी नदेखिएको भएपनि यसको मृत जिव मिसिएको आइपिभी भ्याक्सीन सुरु गरेको थियो ।

विश्व स्वास्थ्य संगठनले नै सो खोप प्रयोग गर्नको लागि विश्व समुदायलाई आह्वान गरेको थियो । त्यस अनुसार नेपालले पनि राष्ट्रिय खोप कार्यक्रममा समावेश गयो । तर, पछि अन्तराष्ट्रिय रुपमा खोपको अभावका हुन कारण खोप कार्यक्रम दुई वर्ष बन्द भएको थियो ।

मुखबाट दिइने पोलियो खोप जीवित भाइरसबाट बनेको हुन्छ मुखबाट दिइने पोलियो खोपको फाइदा र बेफाइदा दुवै हुन्छ । जीवित भाइरस बनेको पोलियो खोप आन्द्रा हुँदै शरीरमा प्रवेशमा गर्छ । जुन शरीरमा संख्यात्मक रुपमा धेरै गुणा वृद्धि हुन्छ ।

सरसफाइको राम्रो व्यवस्था नभएको बेलामा बच्चाले दिसा गर्दा त्यसबाट पनि संक्रिय भाइरस निस्किन्छ । 'लाखौं संख्यामा बालबालिका मध्ये कहिलेकाहीले दुई-चार जना बालबालिकालाई भाइरसले पनि पोलियो गराउन सक्छ । रोग प्रतिरोधात्मक क्षमता कम भएका बालबालिमा पोलियो हुने देखिएको छ,' डा. लालले भने, 'सुई बाट दिँदा भाइरस मरेको हुँदा बालबालिकालाई प्रतिरक्षा दिन्छ अन्य बालबालिमा सर्ने सम्भावना हुँदैन ।'

डा. लालका अनुसार सरसफाई राम्रो व्यवस्था नभएका गरिब मुलुक अहिले पनि आईपीभी खोप सञ्चालन भइरहेको छ । विश्वभरिबाट टाइप टु र थ्री नामक पोलियो भाइरस उन्मूलन भएपनि टाइप वान नामक भाइरस चाहिँ अफगानिस्तान र पाकिस्तानमा अझै देखिएको छ ।

(स्रोत: अनलाइनखबर)

# अब सेयरको भित्री कारोबार र जालसाजीमा प्रहरीले अनुसन्धान गर्ने




काठमाडौं/धितोपत्र बजारमा भित्री कारोबार, जालसाजी, झुटो वा कृत्रिम कारोबार भएमा अब प्रहरीले नै अनुसन्धान गर्ने भएको छ । धितोपत्र सम्बन्धी ऐन २०६३ को बुँदा नम्बर १०३ लाई संशोधन गर्दै यस्तो व्यवस्था गरिएको हो । राजपत्रमा प्रकाशन गरी ऐन कार्यान्वयनमा ल्याइएको छ ।

संशोधित ऐनअनुसार अब सेयरको भित्री कारोबार, जालसाजी, कृत्रिम वा झुटो कारोबार गरी मूल्य उतारचढाव वा स्थिर गराएमा, मिलेमतोमा कारोबार गर्ने गराउने गरेमा, झुक्याउने विवरण दिएमा, जालसाजीयुक्त कारोबार गरेमा वा कसैलाई झुक्यानमा पारेमा त्यस्ता उजुरीको अनुसन्धान प्रहरीले गर्ने भएको हो ।

यी कसुरका उजुरीहरु अनुसन्धान गर्ने निकाय वा धितोपत्र बोर्डमा परेमा बोर्डको अधिकृतस्तरको कर्मचारीमार्फत त्यस्ता उजुरीको प्रारम्भिक जाँचबुझ गराउने र कसुर गरेको देखिएमा प्रहरीमार्फत अनुसन्धान गरी जिल्ला अदालतमा मुद्दा दायर गर्न सक्ने व्यवस्था गरिएको छ । बोर्डमा उजुरीको प्रारम्भिक जाँचबुझपछि अनुसन्धान गर्न, उजुरी, संकलित विवरण तथा प्रमाणसहितको मिसिल कागजात ३० दिनभित्र प्रहरी प्रधान कार्यालयमा पठाउनुपर्ने व्यवस्था संशोधित ऐनमा गरिएको छ ।

मिसिल कागजात पठाउँदा बोर्डको तर्फबाट अनुसन्धानमा समन्वय तथा सहयोग गर्न बोर्डको कुनै अधिकृतको नाम समेत खुलाई पठाउन सकिने व्यवस्था गरिएको छ ।

प्रहरीले बोर्डसँग सहकार्यमा अनुसन्धान गरेपछि सरकारी वकिल कार्यालयमा पठाउनुपर्ने र सरकारी वकिलले मुद्दा चल्ने, नचल्ने निर्णय गरी मुद्दा चल्ने भएमा सम्बन्धित जिल्ला अदालतमा दायर गर्ने व्यवस्था गरिएको छ ।

यसअघि यस्ता कसुर सम्बन्धी जानकारी बोर्डमा परेमा र बोर्ड विश्वस्त भएमा त्यस्ता कसुर सम्बन्धी मुद्दाको तहकिकात गर्न बोर्डले अधिकारी तोक्ने र ती अधिकारीले तहकिकात गरी काम पूरा भएको मितिले ३५ दिनभित्र जिल्ला अदालतमा मुद्दा दायर गर्ने व्यवस्था थियो ।

(स्रोत: अनलाइनखबर)

# तेस्रो 'नेपाल ग्रामीण चलचित्र महोत्सव'मा 'नाङ्गो गाउँ'देखि 'सतीदेवी'सम्म देखाइने

काठमाडौं/ग्रामीण क्षेत्रमा नेपाली फिल्मको प्रवर्द्धन गर्ने उद्देश्यले सुरु भएको 'नेपाल ग्रामीण चलचित्र महोत्सव'को तेस्रो संस्करण यही बैशाख ६ गतेदेखि ८ गतेसम्म रामेछाप जिल्लामा आयोजना हुँदैछ । त्यसका लागि महोत्सवमा छानिएका फिल्मको 'लाइनअप' सार्वजनिक गरिएको छ । सोमबार काठमाडौंमा 'प्रि-इभेन्ट' आयोजना गर्दै महोत्सवमा कूल २० वटा फिल्म छनोट भएको जानकारी गराइयो ।

फिचर फिल्मतर्फ निश्चल बस्नेत निर्देशित 'दिमाग खराब', दीपेन्द्र लामा निर्देशित 'नाङ्गो गाउँ', लक्ष्मण सुवेदी निर्देशित 'सतीदेवी' र सत्यराज चौलागाईं निर्देशित 'बिच्छेद' गरी ४ फिल्म छनोट भएका छन् भने सर्ट फिल्मतर्फ ९, डकुमेन्टतर्फ ४ र भाषिक फिल्मतर्फ ३ वटा छन् । यी फिल्महरु महोत्सवमा प्रदर्शनपछि जुरीको निर्णयको आधारमा उत्कृष्ट हुनेलाई अवार्ड प्रदान गरिने जनाइएको छ ।

सोमबार उद्योग मन्त्री दामोदर भण्डारीले महोत्सवमा छनोट भएका फिल्मको टिमलाई प्रमाणपत्र प्रदान गरे । उनले फिल्म क्षेत्रलाई सरकारले आवश्यक सहयोग गर्ने प्रतिवद्धता जनाउँदै यसलाई उद्योगको रुपमा विस्तार गर्ने सरकारको लक्ष्य रहेको समेत बताए । यस्तै, महोत्सवका अध्यक्ष रघुनाथ सापकोटाले मौलिक कथामा बनेका फिल्महरुलाई मात्र महोत्सवमा समेटिएको जानकारी गराए ।

महोत्सवमा फिल्म प्रदर्शनका साथै विभिन्न विषयमा अन्तरक्रिया तथा कार्यशाला पनि आयोजना हुने जनाइएको छ । यो महोत्सवको पहिलो संस्करण गोरखास्थित लाप्राकमा भएको थियो भने काभ्रे जिल्लाको भकुण्डेबेसीमा दोस्रो संस्करण आयोजना गरिएको थियो । अब तेस्रो संस्करण रामेछाप नगर पालिका वडा नं. ८ स्थित गौरिशंकर विद्यालयमा हुने महोत्सवका अध्यक्ष सापकोटाले बताए ।

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# उद्यमशीलता तालिमको समापन

साझाकुरा संवाददाता




हेटौंडा, ३ वैशाख/प्रदेश युवा परिषद् बागमतीको आर्थिक सहयोग र हेडम्वा डेभलवमेन्ट एडभाइजर फाउन्डेशनको आयोजनामा हेटौंडा उपमहानगरपालिका-१९ बस्तीपुरमा सञ्चालित थोरै लगानीमा गर्न सकिने साना व्यवसाय प्रवर्द्धनका लागि ७ दिने उद्यमशीलता तथा सीप विकास तालिम सकिएको छ ।

प्रदेश युवा परिषद् बागमतीका कार्यकारी अध्यक्ष सन्तोष चौलागाईंको प्रमुख आतिथ्यता एवम् हेडम्वा डेभलवमेन्ट एडभाइजर फाउन्डेशनका अध्यक्ष अनन्तकुमार बनियाँको अध्यक्षतामा कार्यक्रम भएको हो । कार्यक्रममा हेटौंडा उपमहानगरपालिका-१९ का वडाअध्यक्ष नरनाथ सुवेदी, टोल विकास संस्था नगरसमन्वय समितिका सदस्य अन्जु पण्डित, जनजागरण दुग्ध उत्पादन सहकारी संस्थाका अध्यक्ष देवेन्द्र अर्यालगायतको उपस्थिति थियो ।

सात दिनसम्म सञ्चालन गरिएको तालिममा आठ जना प्रशिक्षकले व्यवसायको अर्थ तथा परिभाषा स्व-विश्लेषण-मूल्यांकन र पृष्ठपोषणको आवश्यकता र महत्व, सफल उद्यमीका विशेषता, व्यावसायिक योजनाको अर्थ, आवश्यकता र महत्व, व्यावसायिक योजना, उत्पादन योजना, स्वरोजगार र ज्यालादारी काममा भिन्नता, व्यवसायमा जोखिम तथा जोखिम व्यवस्थापन, व्यवसाय दर्ता प्रक्रिया तथा सरकारी नीतिनियम लगायत विषयमा सहजिकरण गरिनुका साथै चटपटे, पानीपुरी, मम, चाउमिनलगायत निर्माण तालिम तथा अभ्यासात्मक क्रियाकलाप गरिएको थियो ।

तालिममा संस्थाका अध्यक्ष बानियाँ, जिल्ला कृषि सहकारी संघका नरेश आचार्य, घरेलु तथा साना उद्योग कार्यालयका लेखमान राउत, सुनिल राई, राकेश शाह, सुरेश श्रेष्ठलगायत प्रशिक्षकले प्रशिक्षण दिएका थिए ।

# पेट्रोल, डिजेल र मट्टीतेलको मूल्य बढ्यो

काठमाडौं, ३ वैशाख/नेपाल आयल निगमले पेट्रोलियम पदार्थको मूल्य बढाएको छ । भारतबाट मूल्य बढेर आएको भन्दै निगमले पेट्रोल, डिजेल र मट्टीतेलको मूल्य बढाउने निर्णय गरेको हो ।

निगम सञ्चालक समिति बैठकले पेट्रोल, डिजेल र मट्टीतेलमा प्रतिलिटर ३ रुपैयाँको दरले मूल्य बढाउने निर्णय गरेको निगमका प्रवक्ता मनोजकुमार ठाकुरले जानकारी दिए । बढेको मूल्य मंगलबार बिहान १ बजेदेखि लागू हुनेछ ।



मूल्य वृद्धि भएसँगै पहिलो वर्ग अन्तर्गत चारआली, विराटनगर, जनकपुर, अमलेखगञ्ज, भलवारी, नेपालगञ्ज, धनगढी र वीरगञ्ज क्षेत्रमा एक लिटर पेट्रोलको मूल्य १ सय ७२ रुपैयाँ ५० पैसाबाट १ सय ७५ रुपैयाँ ५० पैसा पुगेको छ । यसैगरी दोस्रो वर्ग अन्तर्गत सुर्खेत र दाङ क्षेत्रमा एक लिटर पेट्रोलको मूल्य १ सय ७४ रुपैयाँ ५० पैसाबाट १ सय ७७ रुपैयाँ कायम भएको छ ।

यस्तै तेस्रो वर्ग अन्तर्गत काठमाडौं, पोखरा र दिपायल क्षेत्रमा एक लिटर पेट्रोलको मूल्य १ सय ७५ रुपैयाँबाट १ सय ७८ रुपैयाँ पुगेको छ ।

यसैगरी डिजेल र मट्टीतेल एक लिटरको मूल्य क्रमश: १ सय ५८, १ सय ६० र १ सय ६१ रुपैयाँ प्रतिलिटर कायम भएको छ ।

# अवैध रुपमा माटो ओसारपसार गरेको आरोपमा पोखरामा ४ टिपर नियन्त्रणमा

काठमाडौं, ३ वैशाख/पोखराको फेवाताल क्षेत्र पामेबाट अवैध रुपमा राष्ट्बैंक चोकतर्फ लैजाँदै गरेको माटोसहित ४ वटा ४ टिपर जिल्ला प्रहरी कार्यालय कास्कीले नियन्त्रणमा लिएको छ ।

वडा प्रहरी कार्यालय बैदामबाट खटिएको प्रहरीले ग १ क ४१६०, ग १ क ४२८६, ग १ क ४२९४ र ग १ क ४०८९ नम्बरको टिपरलाई नियन्त्रणमा लिएको हो ।

नियन्त्रणमा लिइएका टिपरबाट स्विकृति खुल्ने कुनै आवश्यक कागज फेला नपरेकाले नियन्त्रणमा लिइएको जिल्ला प्रहरी कार्यालय कास्कीले जनाएको छ ।

नियन्त्रमा लिइएका टिपरलाई थप अनुसन्धान तथा कारवाहीका लागि पोखरा महानगरपालिका पठाइएको जिल्ला प्रहरी कार्यालय कास्कीका सूचना अधिकार प्रहरी नायब निरीक्षक कुमार शर्माले जानकारी दिए ।

# श्राद्ध गर्ने खर्च कटौती गरी संस्कृत विद्यालयलाई सहयोग

साझाकुरा संवाददाता

हेटौंडा, ३ वैशाख/मकवानपुरका चर्चित पत्रकार तथा बागमती प्रदेश पत्रकार महासंघका संस्थापक अध्यक्ष प्रताप विष्टले आफ्नो बुबाको छैटौं पुण्यतिथि (श्राद्ध) गर्ने खर्च हेटौंडा उपमहानगर पालिका-१० मा रहेको संस्कृत वेद विद्यालयलाई हस्तान्तरण गरेका छन् ।

यस विद्यालयमा अध्ययनरत विद्यार्थीलाई एकछाक खाना वापतको रकम ५ हजार ५ रुपैयाँ विद्यालय व्यवस्थापन समितिका अध्यक्ष रामकृष्ण थापा र विद्यार्थीलाई बिष्टले हस्तान्तरण गरे । पछिल्लो समयमा हेटौंडाको संस्कृत वेद विद्यालयमा व्यवस्थापन समिति परिवर्तन भएसँगै सुधारका धेरै काम भएका छन् । ओझेलमा परेको यस विद्यालयमा क्रमिक रुपमा सुधार हुँदै गएको छ । यहाँका लागि आवस्यक बजेट बिनियोजन गर्नका लागि वडा कार्यालय, हेटौंडा उपमहानगर पालिकालाई दवाव समेत बढेको छ ।

# बागमती प्रदेश पालिकास्तरीय भलिबल हुने

साझाकुरा संवाददाता

हेटौंडा, ३ वैशाख/प्रज्ञास्मृति प्रतिष्ठानको आयोजनामा बागमती प्रदेश पालिकास्तरीय भलिबल प्रतियोगिता हुने भएको छ ।

ललितपुर जिल्ला खेलकुद विकास समितिको सह-आयोजनामा हुने प्रतियोगिता वैशाख २२ देखि २६ गतेसम्म ललितपुरको महांकाल गाउँपालिकामा हुनेछ । प्रतियोगिताको विजेताले ३ लाख रुपैयाँ प्राप्त गर्नेछन् ।

दोस्रो हुनेले २ लाख रुपैयाँ तथा तेस्रो र चौथो हुने टिमले समान १ लाख रुपैयाँ पुरस्कार प्राप्त गर्नेछन् । विधागततर्फ उत्कृष्ट खेलाडी, उत्कृष्ट स्पाइकर, उत्कृष्ट ब्लकर, उत्कृष्ट सेटर, उत्कृष्ट सर्भरले जनही ५० हजार रुपैयाँ प्राप्त गर्नेछन् ।

# २५ जना प्रहरीलाई सवारीचालक तालिम

साझाकुरा संवाददाता

हेटौंडा, ३ वैशाख/हेटौंडामा २५ जना प्रहरीलाई हलुका-हेभी सवारीचालक तालिम प्रदान गरिएको छ । राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान महाराजगंज, काठमाडौंको चालु आर्थिक वर्षको स्वीकृत वार्षिक तालिम क्यालेण्डर अनुसार हेटौंडास्थित बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडामा तालिम सुरु भएको हो ।

बागमती प्रदेश प्रहरी कार्यालयका अनुसार तालिम १६ कार्यदिनको आवासीय हुने बताइएको छ । सवारीचालक (हलुका-हेभी) तालिम चौंथो समूहको उद्घाटन भएको हो । तालिममा प्रदेश प्रहरी कार्यालय हेटौंडा तथा मातहत कार्यालयमा कार्यरत प्रहरी सहायक हवल्दार ६ जना र प्रहरी जवान १९ जना गरी जम्मा २५ जना पुरुष प्रशिक्षार्थीको सहभागिता रहेको छ ।

# रातोमाटेबाट चेपाङ पक्राउ

साझाकुरा संवाददाता

हेटौंडा, ३ वैशाख/हेटौंडा उपमहानगरपालिका-१५ रातोमाटे चोकबाट आइतबार लागुऔषधसहित एकजना पक्राउ परेका छन् ।

पक्राउ पर्नेमा राक्सिराङ गाउँपालिका-८ कुनाले बस्ने बर्ष-२६ का दीपक चेपाङ रहेका छन् ।

पूर्वपश्चिम राजमार्ग अन्तर्गत हेटौंडाबाट पथलैयातर्फ जाँदै गरेको ना ७ ख ९०३५ नम्बरको यात्रुबाहक बसलाई रोकेर चेकजाँच गर्ने क्रममा बसमा चेपाङलाई चेकजाच गर्दा ५ किलो २०० ग्राम लागुऔषध गाँजा बरामद गरिएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जनाएको छ ।

# विद्यार्थी खोज्न घरदैलो अभियानमा शिक्षक

साझाकुरा संवाददाता

हेटौंडा, ३ वैशाख/मकवानपुरका गाउँ-गाउँमा विद्यार्थी खोज्दै हिड्नुपर्ने बाध्यता बढेको छ । शैक्षिकसत्र सुरु भएपछि मकवानपुरका १० वटै स्थानीय तहका सामुदायिक विद्यालयमा विद्यार्थी संख्या बढाउनका लागि विद्यार्थी खोज्ने अभियानमा शिक्षकहरु लागेका छन् ।

पछिल्लो समय मकवानपुरका बिकट गाउँबाट सदरमुकाम हेटौंडामा बसाइ सर्नेहरु बढ्न थालेपछि पहाडी क्षेत्रका विद्यालयमा विद्यार्थी न्यून भएको छन् । विद्यार्थी सहरकेन्द्रित हुन थालेपछि विद्यार्थी खोज्नुपर्ने भएको शिक्षकहरु बताउँछन् । मकवानपुरका सामुदायिक विद्यालयले आइतबारबाट विद्यार्थी भर्ना अभियान थालेका छन् । नयाँ शैक्षिकसत्र २०८१ का लागि सामुदायिक विद्यालयमा विद्यार्थी संख्या वृद्धिगर्न भर्ना अभियान थालिएको हो । विद्यालयमा विद्यार्थी संख्या वृद्धिगर्न अभियान सुरु गरेको शिक्षकहरु बताउँछन् ।




हेटौंडा उपमहानगरपालिका भित्रका सामुदायिक विद्यालयले नेपाली र अंग्रेजी दुवै माध्यमबाट पठनपाठन सुरु गरेका छन् । यहाँ प्राथमिक तहमा विद्यार्थी कम भएपनि माध्यमिक तहमा भने विद्यार्थी प्रर्याप्त रहेका छन् । पछिल्लो समयमा पढाइको गुणस्तरमा पनि सुधार भएको उपमहानगरपालिकाले जनाएको छ ।

आधारभूत तहमा विद्यार्थी कम भएकाले विद्यार्थी खोज्न घरघरमा पुग्नुपरेको मकवानपुरगढी गाउँपालिका-६ मा रहेको बाल्ज्योति आधारभूत विद्यालयका प्रधानाध्यापक गीता तिमल्सिना बताउँछिन् । पहिलेका वर्षको तुलनामा मकवानपुरको दशवटै स्थानीय तहका सामुदायिक विद्यालयमा विद्यार्थीको चाप कम छ ।

हेटौंडामा भने प्राथमिक तहमा विद्यार्थी कम भएपनि माध्यमिक तहमा भने विद्यार्थी धेरै नै रहेका छन् । हेटौंडाको सिद्धार्थ माध्यमिक विद्यालय, आधुनिक राष्ट्रिय माध्यमिक विद्यालय, बालज्योति माविलगायतका केही उत्कृष्ट विद्यालयले भने आएका विद्यार्थी पनि कक्षा कोठा र शिक्षक कम भएकाले फर्काउनुपर्ने बाध्यता रहेको छ ।

# धमिले कृषि सहकारीद्वारा कृषि उपकरण वितरण

साझाकुरा संवाददाता



हेटौंडा, ३ वैशाख/मकवानपुरगढी गाउँपालिका-३ देवीडाँडामा रहेको धमिले कृषि सहकारी संस्थाले आफ्ना सदस्य किसानलाई कृषिउपकरण वितरण गरेको छ ।

संघीय अनुदानअन्तरगत मकवानपुरगढी गाउँपालिकाको आर्थिक वर्ष २०८०/८१ को स्वीकृत कृषि विकास कार्यक्रम अनुसार मकैबाली प्रवर्द्धन कार्यक्रमअन्तरगत ५० प्रतिशत अनुदानमा इलेक्ट्रिक स्पेयर पम्प वितरण गरिएको हो । गाउँपालिकाको मकैबाली प्रवर्द्धन कार्यक्रमअन्तरगत १६ वटा पम्प वितरण गरिएको तथा ३ जनाको भकारो सुधार तर्फको काम भइरहेको छ । तरकारीखेती प्रवर्द्धन कार्यक्रम अन्तरगत ५ जना किसानको बाँसको टनेल निर्माणको काम पनि जारी रहेको संस्थाका अध्यक्ष गोविन्दप्रसाद तिमल्सिनाले जानकारी दिए ।

गाउँपालिकाका अध्यक्ष दोर्जे लामा स्याङ्तानको प्रमुख आतिथ्यता तथा ३ नं वडाका वडाध्यक्ष भागवत घिमिरेको विशेष आतिथ्यतामा कार्यक्रम सम्पन्न भएको हो । कार्यक्रममा गाउँपालिकाको कृषि शाखाप्रमुख चन्द्रकान्त चौधरी, संस्थाका संचालक, शेयर सदस्य लगायतको उपस्थिति रहेको थियो ।

हार्दिक समवेदना

जन्म मिति:
वि.सं. २०३१/१०/५



स्वर्गारोहण मिति:
वि.सं. २०८०/१२/२०

स्व. गणेश प्रसाद भेटुवाल

यस संघका पूर्वउपाध्यक्ष तथा स्वस्तिक श्रीविनायक कन्स्ट्रक्शन प्रा.लि.का संचालक **गणेश प्रसाद भेटुवाल**को मिति २०८०/१२/२० गतेका दिन भएको असामयिक निधनले हामी अत्यन्तै मर्माहत् भएका छौं । यस दु:खद् घडीमा दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै शोकसन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ति प्राप्त होस् भनी हार्दिक समवेदना व्यक्त गर्दछौं ।

बाल गोपाल कँडेल (अध्यक्ष) एवम्
**निर्माण व्यवसायी संघ मकवानपुर, परिवार**

हेटौंडामै उत्पादित
सुदिन ड्राइमिट






Ready To Eat

हाम्रा विशेषताहरू:
- ग्याँस ओभनबाट उत्पादन गरिने ।
- हानिकारक धुवाँको असर नहुने ।
- १२ प्रकारका घरायसी मसलायुक्त ।
- तत्काल खान मिल्ने ।
- खाद्य सुरक्षणको लागि केमिकल (Preservative) प्रयोग नभएको ।

सुदिन प्याकेजिङ्ग उद्योग
हेटौंडा-४, मकवानपुर
९८४५२६२५२२, ९८५५०७२६२३